# नेवाः जाति : नेपालमण्डलभित्र र बाहिर

सुदीपसिंह नकर्मी

## लेखसार

*यस आलेख नेवाः जाति, उनीहरुको संरचना र वसोवास क्षेत्रमा केन्द्रीत रहेर लेखिएको छ । नेवाः समुदाय उपत्यकामा विभिन्न समयमा वसाइ सर्दै आएका विभिन्न प्रजाति, धार्मिक समूहहरू र नश्लको मिश्रणबाट बनेको एउटा बहुजातीय समाज हो । काठमाडौं उपत्यका नै नेवाः जातिको मूलः बास स्थान भए तापनि प्राचीनसमयदेखि नै उनीहरुको वसोवास काठमाडौं उपत्यका वरपरका हालको १२ वटा जिल्लाहरुसम्म फैलिएको थियो । यसलाई क्षेत्रलाई नेपालमण्डल भनिन्छ । ब्यापार र अन्य कारणले गर्दा उपत्यका छोडेर अन्य ठाउँ जाने प्रचलन त नेवाः समाजमा धेरै अगाडी नै थियो । तर पनि आधुनिककालमा भने यस जातिले स्थाइ रुपमै बसाइसराइ गरेको पाइन्छ । जनजाति आन्दोलनको अभिन्न अंग भइसकेको नेवाः जाति समानतामा आधारित थियो । भारतबाट आएका हिन्दू वर्णाश्रम व्यवस्थाबाट प्रभावित समूहहरुको उपत्यकामा रजाइसँगै नेवाः जातिमा विस्तारै जातीये भेदभावबाट सुरु भएको देखिन्छ ।*

**मुख्य शब्दावली:** नेवाः जाति, नेपालमण्डल, समानता, असमानता, ऐतिहासिक स्वरूप

### परिचय

नेपाल राज्यको प्रमुख जातिहरू मध्ये नेवाः पनि एक हो । वि.सं. २०६८ को जनगणनाअनुसार यस जातिको जनसङ्ख्या नेपालको पूरै जनसंङ्ख्याको ५ प्रतिशत छ भने वि.सं. २०७८ को जनगणनाअनुसार नेवाः जातिको जनसंङ्ख्याका प्रतिशतको हिसावमा घटेर नेपालको पुरै जनसंङ्ख्याकाको ४.६ भएको देखिएको छ। यसै जनगणनाअनुसार नेपालभाषालाई आफ्नो मातृभाषाको रुपमा प्रयोग गर्नेको संङ्ख्या भने २.९६ मात्र छ। नेपालभाषा नै नेवाः जातिलाई एकअर्कासँग जोडने र एक बनाई राख्ने सबैभन्दा बलियो आधार हो । नेवाः जातिको पहिचान यस जातिभित्रको विविधता, उपजातीय विभाजन, उनीहरूको छुट्टै मौलिक इतिहाससँग जोडिएर आउछ । नेवाः जाति काठमाडौं उपत्यकाका मूलवासी हन् । यस उपत्यका उत्पत्तिको सन्दर्भमा विभिन्न अपुष्ट कथनहरु भए तापनि प्रारम्भमा काठमाडौं उपत्यका ताल रहेको र ताल सुकेपछि मात्र यहाँ बस्ती बस्दै गएको भने धेरैको बुझाइ छ (हागन, २०७०) । वसोवासको लागि योग्य भए पछि यस क्षेत्रमा गोपाल वंशीहरू नै वसोवासका लागि आएको पहिलो मानव समूह मानिन्छ। त्यसपछि महिषपाल, किराँत हुदै विभिन्न कालखण्डहरू विभिन्न समूहहरू यस क्षेत्रमा बसोबासका लागि आए । यसरी विभिन्न समयमा उपत्यकामा आएका विभिन्न समूह/जातिहरू मिश्रित भई *ख्वाँटी*को रूपमा नेवाः जाति बनेको कुरामा अहिले प्रायः स्वदेशी तथा विदेशीहरू सहमत देखिन्छन् । यस अर्थमा नेवाः समुदाय उपत्यकामा विभिन्न समयमा वसाइ सर्दै आएका विभिन्न प्रजाति, धार्मिक समूहहरू र

नश्लको मिश्रणबाट बनेको एउटा बहुजातीय समाज हो। नेवाः जातिको मूल थाकथलो काठमाडौं उपत्यका भए पनि उनीहरु ऐतिकासिक कालदेखि नै उपत्यका वरिपरिका पहाडि क्षेत्रहरुमा पनि वसोवास गर्दै आइरहेको पाइन्छ। यस क्षेत्रलाई नेपाल मण्डल भनिन्छ। विविध कारणले गर्दा नेवाः जातिले उपत्यका र नेपाल मण्डललाई वाहेक अन्य क्षेत्रमा पनि वसोवासका गर्दै आइरहेका छन्। यस आलेख यसै विषयमा केन्द्रित रहेर लेखिएको छ।

नेवाः जातिमा अहिले मूलतः हिन्दू र बौद्धमार्गी समूहहरू छन्। तर Bista (1996) का अनुसार प्राचीन कालमा प्रायः सबै नेवाःहरू बौद्धधर्मसँग नजिक थिए। भारतको बैशाली राज्यबाट लिच्छविहरूको उपत्यका प्रवेशसँगै नेवाःहरूमा हिन्दूधर्मको प्रभाव बढ्दै गएको देखिन्छ। आज हिन्दू नेवाःहरू देवब्राह्मण र बौद्ध नेवाःहरू गुभाजू अर्थात् बज्राचार्यलाई आफ्नो पुरोहित मान्दछन्। शारीरिक बनोटका हिसाबमा धेरै नेवाःहरू मंगोल शारीरिक बनोटसँग मिल्दोजुल्दो देखिए तापनि आर्य शारीरिक बनोट भएका नेवाःहरू पनि पाइन्छन्। यसले पनि नेवाः जाति विभिन्न समूहको मिश्रणबाट बनेको कुरालाई थप पुष्टि गर्न मद्दत गर्दछ। यी सबै समूहलाई एक बनाई राख्ने सबैभन्दा बलियो र ठूलो आधार भनेको उनीहरूले बोल्ने नेपालभाषा नै हो। यसै कारण उनीहरूलाई भाषिक समूह पनि भन्ने गरेको पाइन्छ (श्रेष्ठ, २०६४)। यो लेख पृष्ठभूमी बाहेक छ वटा उप परिच्छेदमा विभाजित रहेको छ। जसमा क्रमैसँग अध्ययन विधि, नेवाः जाति र नेपाल मण्डल, नेपाल मण्डल बाहिर नेवाः जाति, नेवाः र जनजाति, सामाजिक संरचना हुदै निष्कर्ष पर्दछ।

## अध्ययन विधि

यस आलेख नेवाः जाति, नेवाः जातिको इतिहास, नेवाः जातिको संरचना र उनीहरुको वसोवास रहेको क्षेत्र नेपाल मण्डलमा केन्द्रित रहदै लेखिएको छ। यस लेख मूलतः मेरो विद्यावारिधिको क्रममा काठमाडौंको कीर्तिपुरमा वि.सं. २०७२ देखि २०७७ सालसम्म गरिएको स्थलगत अध्ययन र पूर्व प्रकाशित सम्बन्धित लेख तथा पुस्तकको अध्ययनमा आधारित रहेर तयार गरिएको छ। यस बाहेक विद्यावारिधि सकिसके पछि पनि मेरो खोजलाई विभिन्न ठाँउमा प्रस्तुत गर्ने क्रममा विभिन्न जानकार व्यक्तिहरुसँग गरिएको कुराकानीमा पनि यस अध्ययन आधारित रहेको छ।

## नेवाः र नेपालमण्डल

नेवाः जातिको कुरा गर्दा नेवाः सभ्यताको कुरा गर्न जरुरी हुन्छ। यस सभ्यताको मूल थलो नेपालमण्डल हो। नेपाल एकीकरण पूर्व र व्यवहारमा २०१७ सालभन्दा अगाडिसम्म पनि नेपालमण्डललाई नै नेपाल देश भन्ने गरिन्थ्यो (Malla, 2001)। यसको इतिहास खोज्दै जाने हो भने लिच्छवि र त्योभन्दा पनि अझै अगाडि पुग्नु पर्ने हुन्छ। लिच्छवि राजा जयदेवको अभिलेखमा पनि नेपालमण्डल भन्ने शब्द उल्लेख गरिएको पाइन्छ (बज्राचार्य, २०३०)। प्राचीन नेपालमण्डलको भौगोलिक किल्ला पूर्वमा लिखु, सुनकोशी, तामाकोशी र दूधकोशी नदी, पश्चिममा त्रिशूली गण्डकीको वरिपरिको क्षेत्र, उत्तरमा रसुवाको दैवुङ र नुवाकोटको वेत्रावती र दक्षिणमा महाभारत पहाडसम्म फैलिएको थियो (श्रेष्ठ, २०६६)। यस तत्कालीन नेपालमण्डल क्षेत्रभित्र हालको १२ वटा जिल्लाहरू पर्दछन्। आजको काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रे, सिन्धुपाल्चोक, नुवाकोट, मकवानपुर, धादिङ्ग, रसुवा, दोलखा, रामेछाप र सिन्धुली नै नेपालमण्डल अन्तर्गतका क्षेत्रहरु हुन्। लिच्छवि राजा मानदेव प्रथमको शासनकालमा चाँगु स्तम्भमा लेखिएको 'मपान्नेपाल राज्य' जसको

अर्थ बृहत् नेपाल हुन आउँछ, यसबाट पनि नेपालमण्डल विस्तार काठमाडौं उपत्यकाभन्दा बाहिर धेरै अगाडी नै भइसकेको बुझिन्छ । मल्लकालमा पनि नेपालमण्डलको सीमा थोरै विस्तार भएको मानिन्छ (मल्ल, ने.सं. ११२५) ।

हिन्दू र बौद्ध दुवै धर्मावलम्बीहरू नेवाःहरु नेपालमण्डल क्षेत्रलाई आज पनि पवित्र तीर्थस्थलको रूपमा पनि हेर्दछन् । यो क्षेत्रलाई पवित्र बनाउनुमा यस क्षेत्रमा अवस्थित प्राचीन चैत्य र मन्दिरहरूले ठूलो भूमिका खेलेको छ । नेवाःहरुले मान्दै आइरहेको बौद्धधर्म र परम्परा अनुसार गुभाजु (बज्राचार्य) र शाक्य भिक्षुहरू झन्डै अनिवार्य रूपमा नै नेपालमण्डलभित्र विशेष २४ पीठहरूमा गएर बौद्ध शिक्षाको अभ्यास गर्ने प्रचलन छ। यसरी बौद्ध शिक्षाको अध्यास गर्न जाने परम्परालाई 'पीठसेवा वनेगु' भन्ने चल छ (तुलाधर र अरू, २०६७)। यी २४ वटा स्थानहरूलाई तीनवटा चक्रको नाममा विभाजन गरिएको छ। पहिलो आठवटा पीठ (चन्द्रलखु, पासिक्व, कमलादी, लुँमधि, फिब्व, नैअजिमा, कंग र लुति) लाई पहिलो चक्रमा राखिएको छ। यसलाई चितचक्र वा चित्तमण्डल भनिन्छ। दोस्रो चक्रअन्तर्गतका पीठ (तनजु, म्हसपि, तोदन, कति, मिसिदो, सोरुथी, जालंधर र बःखु) पर्दछ। यसलाई वाक्चक्र वा वाक्मण्डल भनिन्छ। अन्तिम आठवटा पीठ (ग्वखु, गदेभेरु, तुप्या, प सदुकुना, समेदा, ओतीर्थ, त्याँगा रस झंगु) लाई काय चक्र वा कायमण्डल भनिन्छ। इन्द्रचोकको कान्तेश्वर क्षेत्रपाललाई भने यी तीनवटै चक्रहरूको केन्द्रबिन्दु मानिन्छ (वज्राचार्य, ने.सं. १११९)। महादेवको पहिलो अर्धाङ्गिनी सतीदेवीको मृत्युपश्चात् महादेवले बोकेर घुमाउँदा नेपालमण्डल अन्तगर्तका क्षेत्रहरूमा उनको अङ्गहरु झरेको हिन्दूहरूको विश्वास छ। उनीहरु अंग झरेको स्थानमा शिवलिङ्ग स्थापना भएको मान्दछन् । धार्मिक रूपमा जोडिएको यस प्रकारको ६४ शिवलिङ्ग नेपालमण्डलका क्षेत्रहरूमा रहेका छन् । यी ६४ शिवलिङ्ग भएका स्थानहरूबाट पनि नेपालमण्डलको भौगोलिक अवस्था बुझ्न मद्दत गर्दछ ।

## नेपाल मण्डल बाहिर नेवाःजाति

काठमाडौं उपत्यका नै नेवाः जातिको मूलः बास स्थान भए तापनि आज नेपालको जुनसुकै स्थानमा नेवाः जातिको बसोवास रहेको पाइन्छ। ब्यापारको सिलसिलामा उपत्यका छोडेर अन्य ठाउँ जाने प्रचलन त नेवाः समाजमा धेरै अगाडि नै थियो। तर पनि आधुनिककालमा भने यस जातिले स्थाइ रुपमै बसाइसराइ गरेको सम्बन्धी स्पष्ट प्रमाण भने पाइन्छ। पृथ्वीनारायण शाहले नेपाल उपत्यकाको विजय गरे पश्चात् नेवाःहरूलाई सैनिक सेवा र शासन सत्ताबाट समेत विस्थापित गरेको नेवाः अधिकारकर्मीहरूको बुझाइ रहेको छ (मल्ल, ने.सं. ११२८ र श्रेष्ठ, २०६६)। यसपछि धेरै नेवाःहरू व्यापार व्यवसाय र कृषि क्षेत्रमा नै बढी समय बिताउन थाले। यससँगै व्यापार व्यवसायसँग सम्बन्धित धेरै नेवाःहरू व्यापारकै सिलसिलामा उपत्यकाबाहिर जान थाले। हुन त पृथ्वीनारायण शाहको एकीकरणपूर्व पनि गोर्खाका राजा रामशाहले सन् १६०६-१६३३ तिर ललितपुरका राजा सिद्धिनरसिंह मल्लसित मैत्रीपूर्ण सम्बन्ध जोडेर त्यहाँका नेवाः व्यापारीहरूलाई सम्मानका साथ लगेर गोर्खामा विकास गर्न लगाएका थिए। यी नेवाःहरूलाई गोर्खामा कर नलिई सम्मानका साथ रहने व्यवस्था गरेका थिए। पछि यी व्यापारीहरूको साथ लागेर अन्य नेवाःहरू पनि गोर्खा गएका थिए (तुलाधर र अरू, २०६७)। नेवाः जाति नेपाल एकीकरण अगाडि पनि नेपालमण्डलमा छरिएर बसोबास गरेका थिए भने गोर्खामा भने गोर्खाकै राजाको प्रयासमा बसाइ सरेका थिए। तर एकीकरण पश्चात् भने नेवाःहरूको उपत्यका बाहिर बसाइसराइको क्रम ज्यादै

बढ्यो । कोही व्यापार र कोही राजनैतिक कारणले पनि बसाइ सरेको देखिन्छ । पृथ्वीनारायण शाहले भक्तपुर जितेपछि त्यहाँका अन्तिम राजा रणजित मल्ल काशी गए । यससँगै त्यस क्षेत्रका थुप्रै नेवाःहरू प्रतिकूल अवस्थाका कारण नेपालका विभिन्न स्थानमा गएर बसोबासका लागि जान थाले । केहि भागेर दार्जिलिङ्ग र वरपर पुगे । उनीहरुका सन्तानहरु प्राय सबै आफूलाई प्रधान थरले चिनाउन थाले । यसै गरी राजनैतिक दमनको डरले होस् वा व्यापारिक प्रयोजनको लागि होस् उपत्यका बाहिर जाने नेवाःहरू चाहे जुनसुकै उपजातिका भए तापनि प्रायः श्रेष्ठ थरले चिनिन चाहे र चिनिन थाले (Shrestha, 1999) । यसै कारणले गर्दा पनि श्रेष्ठ उपजातिको जनसङ्ख्या नेवाःभित्र धेरै हुन गएको अनुमान गर्न सकिन्छ ।

पृथ्वीनारायण शाहले शासनसत्ता सम्हालेपछि असली हिन्दूस्थानको अवधारणालाई लागू गर्ने सन्दर्भमा हिन्दू र बौद्ध धर्म मान्ने बाहेक अरूलाई नेपाल छाड्न आदेश दिएपछि विशेषतः उपत्यकामा थोरै सङ्ख्यामा रहेका इसाई धर्मावलम्बीहरू भारतका विभिन्न क्षेत्रहरू र पूर्वी नेपालमा बसोबास गर्न थाले । यिनीहरूले पनि आफूलाई नेवाःको उच्च जातिको थरले चिनाउन थाले । रणबहादुर शाहको पालामा पनि उपत्यका छाडेर धेरै नेवाःहरू बाहिरनु परेको थियो । उनको पालामा विफरको माहामारीको कारण आफ्ना रानी कान्तिमतीको मृत्युपश्चात् आफ्ना नाबालक छोरा गीर्वाणयुद्धलाई बिफर नलागोस् भनेर हजारौं नेवाःहरूलाई उपत्यका बाहिर धपाएको कथा अझै पनि नेपालभाषाको लोकगीतहरू मार्फत सुन्न र बुझ्न सकिन्छ । यसै सन्दर्भमा नेपालभाषाको लोकगीत 'सितलाममाजु'ले रणबहादुर शाहको मुर्ख्याइका कारणले नेवाः मातापिता र उनीहरुका छोराछोरीले पाएको दुःखलाई गीतमा उतारिएको छ । नेपालभाषाको लोकधुनमा आधारित यस गीतलाई आधार मान्ने हो भने त्यति बेला घरघरमा आठपहरियाहरू खटाई स-साना बालबालिकाको खोजी गरी तामाकोशीपारि पठाएको र बीचबाटोमा बच्चाको मृत्यु भएमा गाड्न र पोल्न नदिई उनका अभिभावकहरूलाई मृत बच्चालाई तामाकोशीमा बगाउन लगाइन्थ्यो ।

## जनजाति र नेवाः

नेवाः जातिको परिचयको सन्दर्भमा आम मानिसदेखि लिएर बौद्धिक जमात र नेवाःहरू आफैभित्र पनि मतान्तर देखिन्छ । नेवाःभित्रको केही उच्च जातिहरू आफूलाई जनजातिको कोटिमा राखेको मन पराउँदैनन् भने निम्न जातिकाहरू आफूहरू आदिवासी जनजाति नै भन्न रुचाउँछन् । यो विवादमा संघीयता चाहने र संघीयता मन नपराउने नेवाःहरू पनि राम्रैसँग संलग्न छन् । विशेषतः संघीयता मन नपराउने नेवाःहरू आफूलाई जनजातिको हैसियतमा हेरिनु हुन्न भन्ने ठान्दछन् (Maharjan, 2012) । यद्यपि यो समूहमा रहेर तर्क गर्नेको जमात नेवाःभित्र कमै छ । संघीयता रुचाउने नेवाःहरू आफूलाई अन्य जनजातिहरूभन्दा निकै भिन्न ठान्दैनन् (मल्ल, ने.स. ११३०) । यसै सन्दर्भमा स्वदेशी मात्र नभएर विदेशी विद्वान्हरु बीच पनि एकमत पाइदैन (नकर्मी, २०१०) । Onta (2006) पनि नेवाःको जनजाति पहिचान विवाद मुक्त नरहेको स्वीकार्दै नेवाः जातिलाई जनजाति कोटिमा राख्न सकिने केही बलिया आधारहरू भए जस्तै केही कमजोर आधारहरू पनि भएको भन्दै यसलाई टेकेर हेर्दा नेवाःलाई जनजाति भन्न नमिल्ने तर्कहरू पनि गर्न सकिने देख्छन् । उनी मुख्यतः नेवाःमा विद्यमान हिन्दू वर्ण व्यवस्थामा आधारित जातीय व्यवस्था र नेवाःहरूको शक्तिसँगको सम्बन्धलाई आधार मानेर नै नेवाःलाई क्रमशः जनजातिमा राख्न नहुने र हुने तर्कहरू गर्न सकिने देख्छन् । उनी जस्तै अरू थुप्रै विद्वान्हरू पनि नेवाःभित्र प्रचलनमा रहेको

जातीय व्यवस्था र यससँगै जोडिएर आउने छुवाछूतको भेदभाव सहेर बसेका केही नेवाः समुदाय जसलाई राज्यले पनि दलितअन्तर्गत वर्गीकरण गरिसकेको कारणले नेवाःलाई जनजाति भन्न नमिल्ने तर्क अगाडि सार्छन् । तर बहुसंङ्ख्यक नेवाः र नेवाः अधिकारकर्मीहरू नेवाःलाई जनजाति होइन भन्ने पक्षमा छैनन् । उनीहरू प्राचीनकालमा नेवाःभित्र जातीय स्तरीकरण नभएको र जयस्थिति मल्लले पनि नेवाःभित्रको जातिहरूलाई पेसाका आधारमा मात्र विभक्त गरेको ठान्छन् । त्यति बेला शुद्ध, अशुद्ध र अछुतको अवधारणा नेवाःमा लागू नभएको तर्क गर्दछन् । यसै कारण उनीहरू नेवाः समाजमा अहिले प्रचलित जात प्रथा र हिन्दू वर्णाश्रम एउटै नभएको ठान्छन् ।

केहीले नेवाःहरूको तुलनात्मक रूपमा राम्रो आर्थिक हैसियतलाई पनि जनजाति कोटिमा समावेश गर्न नहुने आधारको रूपमा हेर्ने गर्दछन् । नेवाःहरूको राम्रो मानव विकास सूचकाङ्कलाई आधार मान्दै केही विद्वान् र राजनीतिकर्मीहरू उनीहरूलाई राज्यको विशेष सुविधा प्रदान गर्न नहुने तर्क पनि अगाडि सार्छन् । Maharjan (2012) यस्ता तर्कहरूमा थोरै मात्रै सत्यता देख्दछन् । उनका अनुसार यो तर्क केही कुलीन नेवाःहरूमा लागू भए तापनि बहुसंख्यक नेवाःहरू मूलतः उच्च निम्न, निम्न र त्यसभन्दा तलको सामाजिक हैसियत भएकाहरूमा लागू हुँदैन । यिनीहरूको जनसङ्ख्या उच्च जातिका नेवाःहरूको भन्दा धेरै नै छ । यी पेसागत जातिहरू आफ्नै उच्च जातिका नेवाः र हिन्दू खस उच्च जातिकाहरूकै दोहोरो मारमा पर्दै आइरहेका छन् । सहरी क्षेत्रमा बसोबास गर्ने नेवाःहरूले पाएको सुविधा र मौका पनि उनीहरूको आफ्नो राज्यसत्तासँगको पहुँच र शक्तिका कारण पाएका होइनन् । काठमाडौंलाई राजधानी बनाइएपछि शासक वर्गले आफ्नो अनुकूलताका लागि गरेको विकासको फल स्थीनय वासीको रूपमा पाएका हुन् । आज राज्य गुमेको, भाषा मिचिएको र संस्कृति लोपोन्मुख भएको कारण देखाउँदै आज नेवाः समुदाय पनि जनजाति आन्दोलनको हिस्सा भैसकेको छ । जनजाति आन्दोलनलाई आजसम्मको अवस्थामा ल्याइपुर्‍याउनुमा पनि नेवाः समुदायको ठूलो हात छ । नेवाः समुदायका कैयौं सवालहरू जनजातीय सवालबाट पृथक् छैनन् । यस कारण पनि नेवाः जनजाति आन्दोलनको हिस्सा बन्न जरुरी भएको अधिकारकर्मीहरू ठान्दछन् ।

## असमानताको ऐतिहासिक स्वरूप

नेपालको ऐतिहासिक पक्षहरूसँग सम्बन्धित कुराहरू केलाउँदा अभिलेखहरूको आधारमा भन्न सकिने पहिलो प्रामाणिक काल भनेको लिच्छविकाल नै हो । नेपालको इतिहासको प्रमुख स्रोत भनेको आजभन्दा करिब ६०० वर्ष अगाडि स्थिति मल्लका पालामा लेखिएको गोपालराज वंशावली र शाहकालमा नेपाली भाषामा लेखिएको भाषा वंशावलीका विभिन्न संस्करणहरू नै हुन् । यी वंशावलीहरूलाई आधार मान्ने हो भने लिच्छविकालभन्दा अगाडिका शासनकालहरू क्रमशः गोपालराजकाल, महिषपालकाल र किराँतकाल रहेको मान्न सकिन्छ ।

तलाउको रूपमा रहेको काठमाडौं उपत्यकाको पानी चोभारको गल्छीबाट निकास पाएसँगै यस उपत्यकामा बसोबास सुरु भएको मानिन्छ । यसरी मानव बस्तीको विकास गर्नेहरू गोपालवंशी र पछि गएर महिषपालहरू नै थिए । नेपालभाषामा गोपालवंशीलाई '*साः पु*' र महिषपालहरूलाई '*मेः पु*' भन्ने गरिन्छ । केही दशक अघिसम्म यिनीहरूको बाक्लो बस्ती काठमाडौंको किलागल भन्ने टोलमा थियो । आज यिनीहरू सहरका विभिन्न क्षेत्रहरूमा छरिएर रहेका छन् । यिनीहरूको परम्परागत पेसा भनेको गाईभैंसी पाल्ने र दूध बेच्ने रहेको थियो (श्रेष्ठ, २०६६) । वर्तमान नेवाः समुदायका आदिम पुर्खाहरू यिनै 'साः पु' र 'मेः पु' लाई मानिन्छ (श्रेष्ठ, २०६६) । Bista (1982)

अनुसार गोपालहरू खस हुन् र महिषपालहरू मंगोल वर्णका मानिसहरूको समूह हो । बिष्ट (१९८२) भन्दा फरक मत राख्दै महिषपालहरुलाई आर्य मान्ने विद्वान्हरु पनि धेरै नै छन् (उदाहरणका लागि हेर्नुहोस श्रेष्ठ, २०६६; अमात्य, २०५८; दाहाल, २०४८ आदि) ।

वंशावलीअनुसार महिषपाल शासनकालपछि किराँतकालको सुरुवात भयो । किराँतहरूले महिषपाललाई शासनसत्ताबाट हटाएर आफूहरूले शासन गरेका थिए । भाषा वंशावलीका अनुसार प्रथम किराँती राजा यलम्बर हुन् । नेवाःहरुले पुर्खा सम्झने क्रममा यलम्बरलाई आजुद्यः भन्ने गरेको पाइन्छ । यिनलाई नेवाःहरुले देउता मान्दै इन्द्रचोकमा मन्दिर स्थापना गरेर पूजा गर्दै आइरहेका छन् । काठमाडौं उपत्यकामा किराँतहरूले आफ्नो हातमा शासन सत्ता लिएपछि उपत्यकामा पहिल्यै बसोबास गरिरहेका आर्यहरूबाट प्राप्त सभ्यतालाई उनीहरूले व्यापक सदुपयोग गरे । उनीहरूले गोपाली र महिषपालीहरूले एकअर्कासँग बोल्न प्रयोग गरिने आभीर भाषालाई अङ्गीकार गरे र त्यसमा आफ्नो मौलिक भाषालाई पनि मिसाए । तसर्थ आज काठमाडौं उपत्यकामा बोलिने नेपालभाषा गोपाल, महिषपाल, किराँत आदि कालमा बोलिने भाषाको सम्मिश्रणबाट बनेको भाषा हो । किराँतहरूको मूल थलो नेपाल उपत्यकाभन्दा पूर्वतर्फ तामाकोशी र सुनकोशीबीचको भू-भाग रहेको भए तापनि उनीहरूको सीमा काठमाडौं उपत्यकाभित्रसम्म फैलिएको थियो (Bajrachary and Malla, 1985) । महर्जन (ने.सं. ११२९) का अनुसार किराँतहरू राजनीतिक रूपमा कुशल र चलाख राजा थिएनन् तर बल प्रयोग गर्न भने खुब जान्दथे । उनीहरू प्रायः आफ्नै राज्य र शासनमा बढी केन्द्रित थिए । भौगोलिक दुर्लभ्यता र किराँतहरूको युद्धगर्न सक्ने कला र अन्य कारण यति बेलासम्म बाहिरी राज्यहरू विशेषतः भारतीय राज्यहरूको राजनीतिक प्रभाव काठमाडौं उपत्यकासम्म परेको थिएन । यस अर्थमा किराँतकालीन समाज समानतामा आधारित थियो । जातीय विभेद र छुवाछूत प्रथाको गन्ध त्यस बखत पटक्कै थिएन । त्यति बेलाको समाजमा उचनीच, तलमाथि, कुल वंश, जात, पेसा आदिका आधारमा भेदभावको संस्कार थिएन (महर्जन, ने.सं. ११२९) । तथापि, तत्कालीन समयमा अवसर र पहुँचको दृष्टिले नेवाः समुदायभित्र पनि कुनै न कुनै किसिमको असमानता भने विद्यमान थियो । किराँतकालपछि नेपालमा लिच्छविहरूले शासन गरे । विक्रम संवत् पूर्वको दोस्रो शताब्दीदेखि नै काठमाडौं उपत्यकामा बौद्ध धर्मको निकै मात्रामा प्रचारप्रसार भएको थियो । बुद्ध धर्मको प्रभाव तत्कालीन किराँतहरूमा पनि व्यापक थियो । यसैको प्रभावस्वरूप उपत्यकाको संस्कृति शान्तिमय र सहिष्णुतामय भएको मानिन्छ (Bajracharya, 1998) । तत्कालीन भारतमा भएको युद्धबाट बच्न राजनीतिक तथा धार्मिक शरणार्थीका रूपमा इ.सं.तेस्रो शताब्दीतिर भारतको वैशाली राज्यबाट लिच्छविहरू नेपाल प्रवेश गरे । लिच्छविहरू क्षत्रीय वर्णको भएको मानिन्छ र नेपाल आउनुभन्दा अगाडि यिनीहरूको बैशाली गणतन्त्रात्मक राज्यका शासक थिए (दाहाल, २०४८) । लिच्छविहरूले किराँतहरूबाट शासन सत्ता कसरी आफ्नो हातमा पारे भन्ने सम्बन्धमा निश्चित रूपले भन्न सकिने अवस्था नभए पनि लिच्छविहरूले शासन गर्नु पूर्व नै अरू पनि थुप्रै समूहहरू उपत्यका प्रवेश गरेको मानिन्छ । यिनीहरूमध्ये शाक्य, कोलीय, मल्ल आदि प्रमुख हुन् । यसरी विभिन्न दिशा र क्षेत्रबाट पलायन भएर उपत्यकाभित्र आउनेहरूको होड एघारौं/बाह्रौं शताब्दी पछिसम्म पनि चलि नै रह्यो (अमात्य, २०५८) । वैशाली राज्य सभ्यताको आधारमा निकै उच्च कहलिने गर्दथ्यो । सभ्य कहलाइएको बैशालीबाट उपत्यका प्रवेश गरेका यी लिच्छविहरूले आफूसँगै सामाजिक र सांस्कृतिक प्रचलनहरू पनि भित्र्याए । यहाँ प्रचलित सामाजिक र सांस्कृतिक प्रचलनहरूलाई पनि उनीहरूले अङ्गीकार गर्दै एक प्रकारले नेपाली सभ्यतालाई नयाँ

उचाइ दिए। उनीहरूको मुख्य धर्म हिन्दू नै थियो, यस कारणले पनि उनीहरू वर्ण व्यवस्थामा विश्वास गर्दथे (Bajrachary and Malla, 1985)। Bajrachary and Malla (1985) गोपालराज वंशावलीलाई उद्धृत गर्दै लेख्छन् "लिच्छवि राजा सुपुष्प देवतारा सर्वप्रथमले नेपालमा प्रथम पटक वर्णव्यवस्था लागू गरेका हुन्"। वर्णको अर्थ वरण गर्नु भन्ने हुन्छ। यसको अर्थ कुनै विशेष व्यवसाय (कार्य) लाई चुन्नु अथवा अपनाउनु भन्ने बुझिन्छ (Mishra, 1986)। लिच्छवि शासकहरू समाजमा वर्ण व्यवस्था कायम गर्न चाहन्थे, यसका लागि उनीहरूले विशेष व्यवस्था पनि मिलाएका थिए। जनताहरूले वर्ण अनुसार काम गरुन् भनेर रेखदेख गर्न "भट्टाधिकरण" भन्ने अड्डा खडा गरेका थिए ( बज्राचार्य, २०५३)। तर त्यति बेला वर्ण व्यवस्थाको विकास र प्रभाव यहाँको नेवाः समाजमा परिनसकेको हुनाले वर्ण व्यवस्था कायमै भने हुन सकेको थिएन। तसर्थ, वर्णाश्रम व्यवस्थाबाट हुने भेदभावबाट त्यति बेलाको समाज ग्रसित थिएन। विभिन्न समयमा छुट्टाछुट्टै दिशा र क्षेत्रबाट उपत्यका छिरेका समुदायहरू एकै ठाउँमा बसोबास गर्दा त्यति बेलाको जातीय/समूहगत भेदभाव भने समुदाय-समुदायबीचबाट जन्मिएको थियो। राजनीतिक रूपमा तल परेका वा पराजित समूहलाई सामाजिक तिरस्कार वा राजनीतिक बदलाको भावबाट तल्लो जात भनी हेपिने परम्परा थियो (मल्ल, २०६४)। दाहाल (२०४८) का अनुसार लिच्छविकालका मुख्य जातिहरूमा किराँत, लिच्छवि, शाक्य, कोलीय, मल्ल, वृजिक गुप्त, आभार आदि थिए। यसमध्ये लिच्छवि शासकहरूलाई शासनमा सघाउने कार्य मुख्यतः गुप्तहरूले गर्दथे।

राजा जयस्थिति मल्लको शासन पूर्व पनि उपत्यकावासी नेवाःहरूमा भेदभाव नभएको होइन। तर त्यो भेदभाव मूलतः दुई समुदायहरूमा मात्र सीमित थियो। त्यति बेला नेवाः समाज दुई समुदायमा विभाजित थियो- शासन व्यवस्था वा भारदारी कार्यमा संलग्न समुदाय जसलाई 'भारो' भनिन्थ्यो भने शारीरिक श्रम आवश्यकता पर्ने उब्जनी, उत्पादन, सेवा, निर्माणमूलक आदि कार्यहरूमा संलग्न समुदायलाई 'भावो' भनिन्थ्यो। भारो राज्य व्यवस्थासँग नजिक भएकै कारणले अधिकार सम्पन्न हुने गर्दथे भने भावोहरूलाई आफ्नो पेसाभन्दा अरू क्षेत्रमा चासो राख्ने माहोल त्यति बेला थिएन। अहिले नेवाःभित्रका उच्च जाति अन्तर्गतका प्रायः सबै जाति भारो अन्तर्गत पर्दथे भने उच्च निम्न, निम्न र त्यसभन्दा तलका प्रायः सबै जातिहरू भावोअन्तर्गत पर्दथे (मल्ल, २०६४)। भारो र भावो बिच यति बेला राज्य संयन्त्रमा असमान पहुँच भए पनि सामाजिक व्यवहारहरू छूत अछुतको भेदभावसम्म पुगेको थिएन। जयस्थिति मल्लको शासन पूर्व मूलतः 'भारो' र 'भावो' सामूहिक थर जस्तै नै थिए। भारदार शब्दको संक्षिप्त रूप नै भारो हो (श्रेष्ठ, २०६६)। यिनीहरूले मल्लकालीन नेवाः समाजमा उच्च सामाजिक हैसियत ओगटेका थिए। यस भारो समूहमा चौतारा (प्रधान मन्त्री), अमात्य (मन्त्री), दुवार (द्वारे), केन्द्रीय स्तरका प्रशासक, क्षेत्र स्तरका प्रशासक, अन्य राजनीतिक एवं प्रशासकीय पद ओगटेकाहरू आदि पर्दथे। यस्तै किल्लाका प्रमुख, टोल नाइके, मठ मन्दिर, पाटी, सत्तल आदिको हेरचार गर्ने मुख्य व्यक्तिहरू पनि भारोअन्तर्गत नै पर्दथे। भारोहरूले गर्ने कार्यको कारणले गर्दा पनि यिनीहरूको नियमित भेटघाट र सल्लाह शासकवर्गसँग हुने गर्दथ्यो। तर 'भावो' ले नियमित र दैनिक गर्ने कार्यको सम्बन्ध र प्रत्यक्ष लेनदेन शासक वर्गहरूसँग नहुने हुँदा यिनीहरूको सम्पर्क पहुँच भने शासकवर्गसँग हुँदैनथ्यो। भारोले देशको शासन/प्रशासन सञ्चालनको प्रक्रियामा प्रत्यक्ष सहभागी हुन अवसर प्राप्त गरेकै कारणले गर्दा पनि सामाजिक स्तर सुधार्ने अवसर बरोबर पाइरहन्थे। भावोहरूलाई भने यस्तो अवसर खासै मिल्दैनथ्यो (Nakarmi, 2010)। भावोको खास अर्थ के हो भन्नेबारे स्पष्ट भन्न नसकिए पनि यसले कृषि वा

अन्य काम गरी खाने समूहलाई प्रतिनिधित्व गर्दथ्यो भन्नेबारेमा शंका छैन । मुख्यतः भावोहरूले गर्ने कार्यमा मठ, मन्दिर र चैत्यहरूको निर्माण, जीर्णोद्धार, विभिन्न घरायसी काम, विभिन्न महत्वपूर्ण स्थानहरूको हेरविचार, राजकीय अभिलेख/शीलालेख र ताम्रपत्रहरूको निर्माण, कृषि, साना व्यापार व्यवसाय उद्योगधन्दा आदिष पर्दथ्यो । यस्ता प्रायः सबै कार्यहरूमा शारीरिक परिश्रम अनिवार्य जस्तै हुने गर्दथ्यो (मल्ल, २०६४) ।

## निष्कर्ष

नेपालको पुरै जनसंङ्ख्याकाको ४.६ प्रतिशत जनसंङ्ख्या ओगटेको नेवाः जातिलाई एक बनाई राख्ने सबैभन्दा बलियो आधार भनेको उनीहरुले बोल्ने नेपालभाषा नै हो । नेपालभाषालाई मातृभाषाको रुपमा प्रयोग गर्नेको संङ्ख्या भने २.९६ छ । नेवाः जाति काठमाडौं उपत्यकाका मूलवासी हन् । विभिन्न समयमा उपत्यकामा आएका विभिन्न समूह/जातिहरू मिश्रित नेवाः जाति बनेको देखिन्छन् । नेवाः जातिको मूल थाकथलो काठमाडौं उपत्यका भए पनि उनीहरु ऐतिकासिक कालदेखि नै नेपाल मण्डल अन्तर्गत उपत्यका वरिपरिका पहाडी क्षेत्रहरुमा पनि वसोवास गर्दै आइरहेको पाइन्छ । उपत्यका छोडेर ब्यापारको सिलसिलामा अन्य ठाउँ जाने प्रचलन यस जातिमा धेरै अगाडिदेखि कै भए तापनि आधुनिककालबाट मात्र उनीहरु स्थायी रुपमै बसाइसराइ गरेको पाइन्छ । उपत्यका बाहिर जाने नेवाःहरू चाहे जुनसुकै उपजातिका भए तापनि प्रायः श्रेष्ठ थरले चिनिन थालेको देखिन्छ भने दार्जिलिङ्ग र वरपर पुगेका नेवाः र उनीहरुका सन्तानहरु प्राय सबै आफूलाई प्रधान थरले चिनाउन गर्छन् । यसै कारणले गर्दा पनि श्रेष्ठ उपजातिको जनसङ्ख्या नेवाःभित्र धेरै हुन गएको अनुमान गर्न सकिन्छ । आज नेवाः जाति जनजाति आन्दोलनको अभिन्न अंग भइसकेको छ । नेवाःभित्र प्रचलनमा रहेको छुवाछूत र भेदभाव सहितको जातीय व्यवस्थाका कारणले नेवाःलाई जनजाति भन्न नमिल्ने तर्क केहीले अगाडि सारे पनि नेवाः र नेवाः अधिकारकर्मीहरू नेवाःलाई जनजाति होइन भन्ने पक्षमा छैनन् । उनीहरू प्राचीनकालमा नेवाःभित्र जातीय स्तरीकरण नभएको मान्दछन् । भारतबाट आएका हिन्दू वर्ण व्यवस्थामा विश्वास गर्ने समूहको प्रभावसँगै नेवाः जातिमा पनि जातीय भेदभावको प्रचलनमा सुरु भएको हो ।

## सन्दर्भ सामग्री


अमात्य, साफल्य (२०५८) । *काठमाडौं नगर* । काठमाडौ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, नेपाल ।

तुलाधार र अरु । २०६७ । *नेवार जातिको चिनारी* । ललितपुर : आदिवासी जनजाति उत्थान प्रतिष्ठान ।

दाहाल, पेशल । २०४८ । *नेपालको इतिहास* । काठमाडौंः एम. के. पब्लिशार्स एण्ड डिष्ट्रिब्यूटर्स।

बज्राचार्य, धनबज्र । २०३० । गोपालराज वंशावलीको ऐतिहासिक विवेचना । त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरः नेपाल तथा दक्षिण ऐशियाली अनुशन्धान केन्द्र ।

बज्राचार्य, धनबज्र । २०५३ । लिच्छविकालीन अभिलेख । दोस्रो संस्करण । त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरः दक्षिण एशियाली अनुसन्धान केन्द्र ।

बज्राचार्य, धनबज्र । २०५६ । *मध्यकालिन अभिलेख*। त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरः नेपाल तथा दक्षिण ऐशियाली अनुशन्धान केन्द्र ।

बज्राचार्य, नरेशमान । ने.सं. १११९ । नेपालको बौद्ध धर्म वा परम्परामा नेपाल मण्डलर ललितपुरः लोटस रिसर्च सेन्टर ।

मल्ल, के सुन्दर । ने.सं. ११२५ । नेवाः देय् दबू भिदँ लिफ स्वया । लुमन्ति पौ, पौ १५-४५

मल्ल, के सुन्दर । ने.सं. ११२८ । समावेशी र स्वायत्त शासनको मान्यताको संघीय नेपाल । काठमाडौं : नेवाः देय दवु ।

मल्ल, के सुन्दर । ने.सं. ११३० । नेवाः स्वायत्त राज्य । काठमाडौं : नेवा जागरण सञ्चार मञ्च ।

मल्ल, के सुन्दर । २०६४ । नेवाः समाजमा छुतअछुत व्यवहार । *ह्याउँ निभाः नेवाः राष्ट्रिय मुक्ति मोर्चा नेवाःकेन्द्रीय समितिको मुखपत्र* १ (१): ५४-५६

मर्हजन, विपेन्द्र । ने. सं. ११२९ । *ज्यापू दिवस राष्ट्रिय दिवस। ज्यापू पौः ज्यापू महागुथिंया ख्याः पौं ६२ (.४): १९-२२*।

मिश्र, जयशंकर (सन् १९८६) । *प्राचीन भारतका सामाजिक इतिहास, चतुर्थ संस्करण*। पटना : चौखम्बा संस्कृत प्रतिष्ठान ।

श्रेष्ठ, तुलसी नारायण । २०६६ । *नेपालका नेवारहरः पहिचान र पृष्ठभूमि ।* काठमाडौंः अनुसन्धान तथा विकास संस्था (आइएफआरडि) ।

श्रेष्ठ, महेशमान । २०६४ । नेवाः स्वशासन । *ह्याउँ निभाः नेवाः राष्ट्रिय मुक्ति मोर्चा नेवाः केन्द्रीय समितिको मुख पत्र* १ (१): ४८-५० ।

हागन, टोनी । २०७० । नेपालको चिनारी (अनुवादक देव बहादुर थापा, शंकरराज पन्त, सुर्दशन देवकोटा र अरु) । काठमाडौं : हिमाल किताब प्रा. लि. ।

Bajrachary, Naresh Man. 1998. *Buddhism in Nepal.* Delhi, Eastern Book Linkers.

Bista, D. B. 1982. The Process of Nepalization. In *Anthropological and Linguistic Studies of the Gandaki Area in Nepal.* Dor Bahadur Bista, Shuigeru Iijima, Hiroshi Iishi, Yashuhiko Nagano and Yoshio Nishi,eds. pp. 1-12. Tokyo : Tolyo University of Foreign Studies.

Bista, Dor Bahadur. 1996. *People of Nepal.* Kathmandu: Ratna Pustak Bhandar

Maharjan, Mahesh Raj. 2012. Identity Crisis: A Study of Newar Dalits. *Contributions to Nepalese Studies* 39 (Special Issue) : 113-143

Malla, Mala. 2001. Newars of the Nepal Valley: A Cultural Study. *Rolamba.* 21: 1-3. Lalitpur: Joshi Research Institute.

Nepali, Gopal Singh. 1965. *The Newars: An Ethno-sociological Study of a Himalayan Community.* Bombay: United Asia Publications

Onta, Pratyoush. 2006. The Growth of the Adivasi Janajati Movement in Nepal after 1990: The Non-Political Institutional Agents. *Studies in Nepali History and society* 11(2): 303-354.

Shrestha, Bal Gopal. 1999. The Newars: The Indigenous Population of Kathmandu Valley in the Modern State of Nepal. Contribution to Nepalese Studies 23 (1): 83- 117

Bajracharya, Dhanvajra and kamal Prakash Malla. 1985. *Gopalrajvamsawali.* Kathmandu: Nepal Research Centre.

---

**सुदीप सिंह नकर्मीले** समाजशास्त्रमा विद्यावारिधि गर्नु भएको छ। हाल उहाँ समाजशास्त्र केन्द्रीय विभागमा उपप्राध्यापकको रुपमा कार्यरत हुनुहुन्छ।

---